लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा) ☎ :- ०३३
लहान (सिरहा)
२ नं. प्रदेश, नेपाल

५६०१३७ प्र.प्र.अधिकृत
५६०१३८ प्रशासन शाखा

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७५/०४/०६ गते)

पत्र संख्या :- २०७५/०७६ मिति :- २०७५/०४/०६
चलानी नं. :-

## बिषय :- पटके सवारी कर संकलन सम्वन्धि शिलवन्दी बोलपत्र आह्वान सूचना ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ को १ र २ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिल वमोजिमको पटके सवारी कर संकलनका लागि आ.व.२०७५/०७६ (२०७५ भदौ १ गते देखि २०७६ आषाढ मसान्त सम्म) ११ (एघार) महिनाकालागि किस्ता बन्दीमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

शर्तहरु :-

०१. वोलपत्र फारम खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले लिखित निवेदन पत्रसाथ व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनीको हकमा आ.व. २०७४/०७५ का लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संलग्न गरी यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले १५ (औं) दिन अर्थात मिती २०७५/०४/२० गते सम्म कार्यालय समय भित्र उल्लेखित वोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ औं दिन अर्थात २०७५/०४/२१ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि यस.कार्यालयमा वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको वोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. वोलपत्र फारम खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी वोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थित च.हि.नं. ०३६०३०००००००००३००००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारि गरिएको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम वोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन । साथै सो बोलपत्र मान्य न भै अमान्य हुनेछ ।

०५. वोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०६. बोलपत्र स्वीकृत भए पछि ठेक्क अंक रकमको अतिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% र भ्याट १३% तथा आयकर वापत १.५% समेत गरी जम्मा १६% रकम ठेक्क अंकमा जोडी एकमुष्ठ दाखिला गरेमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७० अनुसार ठेक्क अंकमा १०% छुट दिइनेछ । एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक्क अंक रकमको तीन किस्ता गरी पहिलो किस्ता चलन पूर्जि लिनु

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

अगावै, दोश्रो किस्ता २०७५ पौष ०१ गतेसम्म तथा तेश्रो किस्ता ०७५ चैत्र मसान्त सम्म बुझाउनु पर्नेछ । साथै किस्ता बन्दी गर्दा, फर्मको हकमा बाँकी ठेक्क रकम बराबर यस कार्यालयको नाउँमा मान्यता प्राप्त वाणिज्य बैकवाट जारी गरिएको कम्तीमा ११ महिना म्याद भएको बैंक जमानी पत्र सक्कल प्रति र ब्यक्तिको हकमा जग्गा जमानी, चलन पूर्जि लिनु अगावै पेश गर्नु पर्नेछ ।

०७. ठेक्का अवधि २०७५ साल भदौ १ गते देखि २०७६ साल आषाढ मसान्तसम्मको हुनेछ । कुनै कारण बस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंक रकमलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक रकम मानिनेछ ।

०८. बन्द हडताल चक्काजाम लगायत अन्य मानव सृजित कारणवाट सृजना हुने बन्द हडताल हुन गएमा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

०९. वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

१०. एक पटक सेवा शुल्क लिई सकेकोमा दोहरो शुल्क लिन पाईने छैन ।

११. शुल्क असुल गर्दा करदातालाई दिईने रसिद न.पा.कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालय प्रमुखवाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईनेछ । प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्वारा कानूनी कार्यवाही गरिनेछ ।

१२. दरवन्दी भन्दा वढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१४. प्राप्त वोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. बोलपत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयको राजश्व उप-शाखामा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१६.. पटके सवारी करको दररेट निम्नानुसार रहने छ ।

### पटके सवारी करको दररेट

| सि.नं. | सवारीको किसिम | पटके सवारीको दर | |
|---|---|---|---|
| | | नेपाली नं. | भारतीय नं. |
| ०१. | ट्रान्सप्रोटर तथा १० चक्का माथिका ट्रक, टिपर, ट्रंकलरीमा | ५०।- | ३००।- |
| ०२. | ६ चक्का देखि १० चक्का सम्मका ट्रक, टिपर, ट्रंकलरीमा | ५०।- | २००।- |
| ०३. | बस, ट्रक र ट्रंकलरी | ३०।- | १००।- |
| ०४. | मिनी बस तथा मिनी ट्रक | २०।- | १००।- |
| ०५. | ट्रक्याटर | २५।- | ६०।- |
| ०६. | जिप, कार, मारुती भाडाको | २०।- | १००।- |
| ०७. | जिप, कार, मारुती निजी | ०।०० | ५०।- |
| ०८. | टेम्पो, म्याजिक, माईक्रो र पिकअप | २०।- | ५०।- |
| ०९ | सिटी सफारी रिक्सा (तिन पाग्रे रिक्सा) | १०।- | २०।- |

### तपसिल :-

| क्र.सं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रु. (VAT, आयकर तथा दुर्गा पुजा चन्दा वाहेक) | वोलपत्र फारम दस्तुर रु. (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| ०१. | **पटके सवारी कर** | १९,३४,२००।- | ३,०००।- | |

अधिकृत

Scanned by CamScanner